आज मिति २०७८ साल वैशाख १२ गते आईतबार दिउँसो २:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | असहमत |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | abs. |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | abs |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | abs |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | abs |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा किरण राई का.वा. | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई का.वा. | वडा अध्यक्ष | धरान-१२ | का.वा. |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | abs |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | abs |
| २०. | श्रीनरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | abs |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | abs |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | abs |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री रत्नबहादुर कटुवाल | नि. प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | प्रेम ब. तामाङ | का.वा अध्यक्ष | |
| २. | जगदीप मुरुवा | का.वा अध्यक्ष धरान-१८ | |
| ३. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु :–

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सदस्य सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा १९ जना सदस्य उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएकाले अध्यक्ष वाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **यस अघिका कार्यापालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको मिति २०७७।१२।३१ बसेको कार्यपालिका बैठकमा जम्मा १३ वटा निर्णयहरु भएकोमा केहि निर्णयहरु कार्यान्वयन भै सकेको र केहि निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाईयो ।

३. **अदालतको आदेश कार्यान्वयन सम्बन्धमा :–**

सम्मानित सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च. नं. ३७२ मिति २०७८।०१।०३ को आदेश कार्यान्वयन सम्बन्धि ताकेता पत्र र उच्च अदालत विराटनगर प्रशासन शाखाको च.नं. १२२२६ मिति २०७८।०१।०७ को आदेश कार्यान्वयन गर्न हुन भन्ने पत्र सम्बन्धमा आजको बैठकमा छलफल हुंदा श्री सर्बोच्च अदालतको २०६५ सालको WO – ०५९ कै निवेदक र विपक्षी सामती लिम्बू समेत तथा निवेदक जनसरोकार मञ्च धरान सुनसरी समेत भएको दर्ता नं. ०७१–C 1 – ११८७ को निषेधाज्ञा मद्दा सर्वोच्च अदालतमा विचाराधिन अबस्थामा रहेको छ । श्री सर्वोच्च अदालतमा विचाराधिन रहेको सर्दु जलाधारकै विषय बस्तु समाहित भएको निवेदक हेमचन्द्र घिमिरे समेत विपक्षी धरान उपमहानगरपालिका समेत भएको उच्च अदालतको २०७५- WO – ०४०७ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा निवेदक हेमचन्द्र घिमिरे समेत जग्गा दाता सामती लिम्बू भएको कुरा निवेदकले उल्लेख गरेको अबस्था छ । हाल दर्ता नं. ०७१– C1 – ११८७ को मुद्दा सर्वोच्च अदालतमा विचाराधिन रहेको साथै सरकारी जग्गा छानविन आयोग वाट समेत अनुसन्धान भै रहेको कारण यस धरान उपमहानगरपालिकाले अदालतमा विचाराधिन विषयका सम्बन्धमा सम्मानित अदालतको फैसला कार्यान्वयन गर्न कानून नमिल्ने अबस्था देखिएकाले सोहि व्यहोराको जानकारी श्री सर्वोच्च अदालत, उच्च अदालत विराटनगर र सम्बन्धित पक्षलाई जानकारी गराउने निर्णय गरियो ।

४. **कोरोना भाईरसको दोस्रो लहर ( COVID - 19 ,Second Wave ) का सम्बन्धमा:–**

विश्वभर महामारीको रूपमा फैलिएको **कोरोना भाईरसको दोस्रो** लहर ( **COVID - 19 ,Second Wave )** नेपालमा पनि दिन प्रतिदिन विकराल रूपमा फैलिरहेकाले त्यसको रोकथामका लागि नेपाल सरकारवाट दिएको निर्देशन, जिल्ला दैवि प्रकोप नियन्त्रणका लागि भएका निर्णयहरू र धरान उपमहानगरपालिकाले कोरोना रोकथामका वारेमा हाल सम्म गरेका कामहरूको वारेमा बैठकमा जानकारी साथै समिक्षा गरियो । **कोरोना भाईरसको दोस्रो लहर ( COVID - 19 ,Second Wave )** को रोकथामका लागि सबै वडाहरूले पनि सचेतना अपनाउने निर्णय गरियो ।

५. **विविध विषय**

**क) प्याराग्लाईडिङ्ग खेलकालागि टेकअफ र लेण्डिङ्गकालागि स्थान उपलब्ध गराउने सम्बन्धमा :–**

नेपाल प्याराग्लाईडिङ्ग तथा ह्याङ्गग्लाईडिङ्ग संघले वडा नं. ४ को दानावारी, गढिथुम्की डाडाको आसपासको करिव एक विगाहा ऐलानी पर्ति जग्गा प्याराग्लाईडिङ्ग टेकअप गर्ने स्थानका लागि र धरान १४ स्थित सेउती खोलामा उत्तरमा वेलगाछि र दक्षिणमा खत्री धारा सम्मको लम्बाई ४०० मिटर र चौडाई ७० मिटर खोला उकास जग्गा ल्याण्डिङ्ग स्थलको लागि माग भएकोमा उक्त स्थानका स्थानीय बासीहरू संग समेत समन्वय गरी माग भएका जग्गाहरू उक्त संस्थालाई उपभोग गर्न दिन सम्बन्धित वडाहरूवाट समेत सिफारिस भै आएको छ । प्याराग्लाईडिङ्ग तथा ह्याङ्गग्लाईडिङ्ग खेल धरानकालागि एउटा साहशिक तथा पर्यटकीय खेल

भएकाले यसको माध्यमवाट धरानमा पर्यटन प्रबर्धनमा थप सहयोग पुग्ने साथै नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वाट चालु आ.ब. मा प्याराग्लाईडिङ्ग तथा ह्याङ्गग्लाईडिङ्ग पूर्वाधार विकासकालागि रू ३०,००,०००।( तिस लाख ) रकम समेत विनियोजन भएकाले माथि उल्लेखित माग भएका स्थानमा निर्माण गर्दा खोलाको मापदण्ड र सेउती कोरिडोरको मापदण्ड छाडी र पूर्वाधार निर्माण पश्चात दुई पक्षिय सहमतिका आधारमा संचालन गर्ने गरी प्याराग्लाईडिङ्ग तथा ह्याङ्गग्लाईडिङ्ग संघलाई उपलब्ध गराउने निर्णय गरियो ।

**ख) मठ, मन्दिर, गुम्बा, मस्जित लगायतका धार्मिक संस्थाहरू बन्द गर्ने सम्बन्धमा :–**

हाल **कोरोना भाईरसको दोस्रो लहर ( COVID - 19 ,Second Wave )** को प्रभाब धरानमा पनि दिन प्रतिदिन बढ्दै गएकाले यसको रोकथामका लागि धरान स्थित सम्पूर्ण मठमन्दिर, गुम्बा, मस्जित लगायत धार्मिक संस्थानहरूमा नित्य पूजा बाहेक भक्तजनहरूको आवागमन बन्द गर्ने निर्णय गरियो ।

**ग) उपचार सहयोग र अन्य सहयोग सम्बन्धमा :–**

विभिन्न प्रकोपको कारण घरवार विहिन भै आर्थिक सहयोग माग भएका र विभिन्न गम्भिर प्रकृतिका रोगलागि उपचारको सहयोग माग गरी पर्न आएका निवेदन तथा वडाको सिफारिस समेतका आधारमा तपशिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१) धरान ६ , प्रशान्त मुदेल, पेट सम्बन्धी रोगको उपचार सहयोग – रू १५०००।

२) धरान १५, निस्ता तामाङ्ग, फोक्सो सम्बन्धी उपचार सहयोग – रू २५०००।

३) धरान १४, सपना लिम्बू , मृगाौला उपचार सहयोग रू – रू २५०००।

४) धरान- ११, प्रमिला देवान मेरुदण्ड, रू २५००० ।

५) धरान-६, टेकनाथ भुर्तेल मृगौला, रू २५००० ।

६) धरान-१, आशिका तोलाङगी साइकेटिक उपचार, रू २५००० ।

७) धरान-६, भक्तबहादुर कटुवाल गाईगोठ आगलागी राहत, रू ११०००।

८) धरान-१७, होमराज कालिकोटे क्रिया खर्च, रू ११००० ।

९) धरान-१३, दिलिपकुमार लिम्बु आगलागी राहत, रू ८००० ।

१०) धरान-१५, धनश्याम तामाङ्ग हावाहुरीले घर उडाएको मर्मत सहयोग, रू ८००० ।

**घ) वडाहरूवाट सिफारिस गर्ने सम्बन्धमा :–**

**कोरोना भाईरसको दोस्रो लहर ( COVID - 19 ,Second Wave )** को प्रभाब नियन्त्रण गर्न वडाहरूवाट विभिन्न काम गर्न विगतमा नगर सभावाट स्वीकृत वजेट अपुग हुने भएकाले नियम कानूनको परिधि भित्र रही वडाको वजेट परीमार्रजनकालागि नगरपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

**ङ) वडा नं. १४ को खर्च अनुमोदन सम्बन्धमा :–**

वडा नं. १४ ले गएको नगरसभाबाट कार्यक्रम संसोधन गर्दा विभिन्न निर्माण कार्यहरु र विविध खर्चहरु भनी एउटै शिर्षकको वजेट विनियोजन हुन गएको जस्को कारण विविध शिर्षकको खर्च गर्नका लागि समस्या भएकाले उक्त शिर्षकको रु. १,८०,००० (एक लाख अस्सी हजार मात्र ) विविध शिर्षकबाट भएको खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो।

**बैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा**